# AGREEMENT BETWEEN

# THE GOVERNMENT OF NEPAL

# AND

# THE GOVERNMENT OF THE REPUBLIC OF INDIA

# ON

# MUTUAL LEGAL

# ASSISTANCE IN CRIMINAL MATTERS

The Government of Nepal and the Government of the Republic of India (hereinafter referred to as the Contracting States);

Guided by the traditional friendly relations between the two countries;

Convinced of the desirability to cooperate fully in combating acts of crime;

Desiring to facilitate the widest measure of mutual legal assistance and to enhance the effectiveness of investigation, prosecution and judicial proceedings in both countries for prevention and suppression of crimes;

Have agreed as follows:

## ARTICLE I

## Scope of Application

1. The Contracting States shall, in accordance with the provisions of this Agreement and subject to their respective national laws, provide widest possible measures of mutual legal assistance in criminal investigations, prosecutions and judicial proceedings in criminal matters.
2. Assistance referred to in Paragraph 1 shall include:
   i. Measures to locate, restrain, forfeit or confiscate the proceeds and instruments of crime;
   ii. Taking of evidence and obtaining of statements of persons including victim of crime;
   iii. Providing of information, documents and other records including criminal and judicial records;

iv. Exchange of the information relating to identity of the accused person or convicted offender;
v. Communication of data available with each Contracting State about any criminal acts committed or being planned within the territory of the other Contracting State;
vi. Locating of persons and objects, including their identification;
vii. Search and seizure;
viii. Delivery or lending of exhibits;
ix. Making detained persons and others available to give evidence, testimony or assist investigations;
x. Service of documents, including summons; and
xi. Any other assistance consistent with the objects of this Agreement subject to respective national laws.

3. This Agreement shall be interpreted without prejudicing the rights and obligations of the Contracting States under any other bilateral or multilateral agreements or arrangements to which they are parties and shall not prevent the Contracting States or their law enforcement agencies from providing assistance to each other pursuant to other agreements or arrangements.
4. This Agreement does not apply to:
   a) The arrest or detention of any person with a view to the extradition of that person;
   b) The enforcement in the Requested State of criminal judgement imposed in the Requesting State except to the extent permitted by the law of the Requested State;
   c) The transfer of sentenced persons; and
   d) The transfer of proceedings in criminal matters.

## ARTICLE II

## Designated Central Authorities

1. For the purpose of this Agreement, the Central Authorities designated by the Contracting States shall communicate with each other directly or through diplomatic channels for matters concerning mutual request and assistance.

2. The Central Authorities referred to in Paragraph 1 of this Article shall be the Ministry of Home Affairs for the Republic of India, and the Ministry of Law, Justice and Parliamentary Affairs for Nepal.
3. Should either Party change its designated Central Authority, it shall inform the other Party of such change through diplomatic channels.

## ARTICLE III

## Contents of Request

1. Requests for assistance under this Agreement shall be made in writing. Where an urgent request is made, the Central Authority shall submit a request within 10 days unless the Requested State agrees in writing to a longer period.
2. Requests for assistance shall include a statement of:
   a) Name of the competent authority conducting the investigation or proceedings to which the request relates;
   b) Matters, including the relevant facts and laws, to which the investigation or proceedings relate;
   c) Purpose for which the request is made and the nature of the assistance sought;
   d) Details of any particular procedure or requirement that the Requesting State wishes to be followed;
   e) Any time limit within which compliance with the request is desired;
   f) Identity, nationality and location of the person or persons who are the subject of the investigation or proceedings;
   g) In the case of requests for the taking of evidence or search and seizure, a statement indicating the basis for belief that evidence may be found in the jurisdiction of the Requested State;
   h) In the case of requests to take evidence from a person, a statement as to whether sworn or affirmed statements are required, and a description of the subject matter of the evidence or statement sought;
   i) In the case of lending of exhibits, the person or group of persons who will have custody of the exhibits, the place to which the exhibit is to be removed, any tests to be conducted and the date by which the exhibit will be returned;

j) In the case of making detained persons available, the person who will have custody during the transfer, the place to which the detained person is to be transferred and the probable date of that person's return;
k) Requirement, if any, for confidentiality and the reasons therefor; and
l) In the case of requests for restraint or forfeiture of proceeds or instruments of crime, where possible:
   i. Detailed description of the proceeds or instruments including their location;
   ii. Statement describing the basis of belief that the property is the proceeds or instruments of crime; and
   iii. Statement describing the evidence that would be available for a proceeding in the Requested State.

3. The Requested State shall not refuse to execute the request solely because it does not include all of the information described under this Article if it can otherwise be executed according to the laws of the Requested State.
4. If the Requested State considers that additional information is needed to enable the request to be dealt with, that State may request such additional information.

## ARTICLE IV

### Execution of Request

1. Requests for assistance shall be executed in accordance with the laws of the Requested State and may be executed in accordance with any requirements/manner specified in the request if not incompatible with the laws of the Requested State.
2. The Requested State shall, upon receipt of request, inform the Requesting State of any circumstances which are likely to cause a significant delay in execution of the request.
3. The Requested State shall promptly inform the Requesting State of a decision of the Requested State not to comply in whole or in part with a request for assistance, or to postpone execution and shall give reasons for that decision.

## ARTICLE V

## Refusal of Assistance.

1. The Requested State may refuse the assistance if:
    a) The execution of the request would impair its sovereignty, security, public order or national interest;
    b) The request relates to an offence that is subject to investigation or prosecution in the Requested State or the prosecution of which in the Requesting State would be incompatible with the Requested State's law on double jeopardy;
    c) The execution of the request would be contrary to the national laws of the Requested State or constitute a violation of any court order of the Requested State;
    d) The request seeks restraint, forfeiture or confiscation of proceeds or instruments of activity which, had it occurred within the jurisdiction of the Requested State would not have been an activity in respect of which a confiscation order could have been made;
    e) The request relates to an offence in respect of which the accused person had been finally acquitted or pardoned;
    f) The request relates to an offence under military law, which is not also an offence under ordinary criminal law;
    g) The Requested Party considers that the request relates to a political offence, except for offences as defined in the respective national laws or under any international convention to which both States are parties; and
    h) There are substantial grounds to believe that the request has been made for the purpose of investigating, prosecuting, punishing or other proceedings against a person on account of that person's race, sex, religion, nationality or political opinions, or that person's position in judicial proceedings may be prejudiced for any of those reasons.
2. Before refusing to grant a request for assistance, the Requested State shall consider whether assistance may be granted subject to such conditions as it deems necessary. If the Requesting State accepts assistance subject to conditions, it shall comply with them.

## Article VI

## Protection and Preservation of Data

1. The request relating to assistance for providing digital or personal data under this Agreement shall take place in strict compliance with the domestic law of the Requested State. Such data may also be provided for prevention of offences of considerable importance, prosecution of offences and to ward off a substantial danger to public security.
2. The Contracting States while seeking or providing assistance under Paragraph 1 shall take following reasonable safeguards as per their domestic laws:
   a) Data including personal data must be obtained and processed fairly and lawfully and must be appropriate, relevant and not excessive with regard to the purposes for which it is sought and transferred.
   b) The Requesting State shall inform the Requested State the time period for which the data is required. Such time period shall be consented by the Requested State. The transferred data shall be kept for no longer than the period required for the purpose for which it has been received and shall be returned to the Requested State or deleted at the end of period specified. The Requesting State shall inform the Requested State in advance in case the data has to be kept for a longer period in Requesting State.
   c) The Competent Authorities of the Contracting States shall take all reasonable measures to prevent the transfer of inaccurate, incomplete or out-of-date data. If it is established that inaccurate or non-transferable data has been transferred, the Requesting State shall immediately inform the Requested State and provide correct or accurate data. The Requesting State shall delete or return any such inaccurate data received.
   d) No data transferred to the Requesting States under this Agreement may be transferred to a third country, a private individual or an international body without the consent of the Requested State which provided the data.
   e) The Contracting States shall take appropriate measures to ensure that the data transferred to them is protected from accidental or unauthorized destruction, accidental loss, and unauthorized access, modification or dissemination.

f) Contracting States shall keep a record of the data transferred and its destruction.

g) On request, the Requesting State shall inform the Requested State of how the data is being used.

3. The Contracting State, may, orally request the other State to issue a notice requiring any person or internet service provider or telephone service provider in possession or control of computer data or mobile phone data to which request applies to preserve the data where it appears to the Requesting State that there are grounds to suspect that the requested data may contain information relevant to criminal activities. The Requested State get the data preserved till the data is obtained and transferred by the Requested State pursuant to the assistance sought.
4. The requesting and providing of personal data shall be in strict compliance with the domestic laws of the country such as the IT Act and the other personal and non-personal data protection laws.

## Article VII

## Service of Documents

1. The Requesting State shall transmit a request for the service of a document pertaining to a response or appearance in the Requesting State within a reasonable time, before the scheduled response or appearance.
2. The Requested State shall use its best efforts to serve any document transmitted to it for the purpose of service.
3. The Requested State after execution of service of documents shall return a proof of service in the manner required by the Requesting State.
4. If service could not be effected, the reasons should be communicated promptly by the Requested State to the Requesting State.

## ARTICLE VIII

## Transmission of Documents and Objects

1. When the request for assistance concerns the transmission of records and documents, the Requested State may transmit certified true copies thereof, unless the Requesting State expressly requests the original.

2. The original records or documents and the objects transmitted to the Requesting State shall be returned to the Requested State as soon as possible, upon the latter's request.
3. Insofar as not prohibited by the laws of the Requested State, documents, objects and records shall be transmitted in a form or accompanied by such certification as may be requested by the Requesting State in order to make them admissible according to the laws of the Requesting State.

## ARTICLE IX

### Availability of persons

1. The Requesting State may request that a person be made available to testify or to assist in an investigation.
2. The Requested State shall invite the person to assist in the investigation or to appear as a witness in the proceedings and seek that person's concurrence thereto. That person shall be informed of any expenses and allowances payable.
3. Mutual Legal Assistance may be provided between the Requested State and a Requesting State in the matters related with judicial proceedings by facilitating the appearance of persons who can assist in a matter of criminal nature.

## ARTICLE X

### Making detained persons available to give evidence or assist in investigation

1. A person in custody of the Requested State whose presence in the Requesting State is sought for purposes of assistance under this Agreement shall be temporarily transferred from the Requested State for the purpose if the person consents and if the central authorities of both States agree.
2. Where the person transferred is required to be kept in custody under the laws of the Requested State, the Requesting State shall hold that person in custody and shall return the person in custody at the conclusion of the execution of the request.
3. Where the Requested State advises the Requesting State that the transferred person is no longer required to be held in custody, that person shall be set at liberty. The authority of the Requesting State shall at its own expense

arrange for safe return of such person to the Requested State after the conclusion of the purpose for which the transfer was made provided that a person is a citizen of the requested state.

## ARTICLE XI

## Safe Conduct

1. A person present in the Requesting State under this Agreement shall not be prosecuted, detained or subjected to any other restriction of personal liberty in the territory of that State for any acts or omissions which preceded that person's departure from the Requested State, nor shall that person be obliged to give evidence in any proceedings other than the proceedings to which the request relates.
2. Paragraph 1 of this Article shall cease to apply if that person, being free to leave, has not left the Requesting State within a period of 30 consecutive days or any longer period otherwise agreed on by the States, after that person has been officially told or notified that his or her presence is no longer required. In such cases, the date of release and mode of return of the person in question should have been officially notified to the Requested State.
3. Any person who fails to appear in the Requesting State may not be subjected to any sanction or compulsory measure in the Requested State.

## Article XII

## Video Conferencing

1. On request, the Requested State may facilitate examination of a witness or an expert before its judicial authority or other competent authority, by means of video conferencing technology, in conformity with its domestic law and procedures.
2. The Requested State may permit the use of video conferencing technology for the purpose other than those described in Paragraph 1 of this Article, including for purposes of identification of persons or objects, or taking of investigative statements.

## Article XIII

## Search and Seizure

1. The Requested State shall execute a request for a search and seizure and delivery of any material to the Requesting State for evidentiary purposes. Provided that the rights of bona fide third parties are protected.
2. Search and seizure shall be conducted by the Requested State to the same extent and under the same conditions as to get done for its own law enforcement and judicial authorities in accordance with its laws.
3. The Requested State having executed a request for a search and seizure shall provide such information as may be required by the Requesting State concerning, but not limited to, the identity, conditions, integrity and continuity of the possession of the documents, records or objects seized and the circumstances of the seizure.

## Article XIV

## Funds meant for Financing acts of Terrorism

Where either of the Contracting States have reasonable grounds to believe that any person or group of persons in their jurisdiction has collected or has been collecting or has contributed or has been contributing to any funds meant, directly or indirectly for financing or furthering the acts of terrorism in the territory of the other State, it shall bring these facts to the notice of the other Contracting State and shall take steps as permitted by its law for search, seizure and confiscation of such funds and the prosecution of the individual concerned.

## Article XV

## Attachment, Confiscation and Forfeiture of Proceeds and Instrumentalities of Crime and Sharing thereof

1. The Requested State shall upon request, endeavour to ascertain whether any proceeds or instrumentalities of the alleged crime are located within its jurisdiction, investigate financial dealings and obtain other information or evidence that may help to secure the recovery of proceeds and instrumentalities of crime. The Requested State shall convey the Requesting State of the results of its inquiries.

2. Where, pursuant to Paragraph 1 of this Article, suspected proceeds and instrumentalities of crime are found, the Requested State shall upon request take such measures as are permitted by its law to prevent any dealing in, transfer or disposal of, those suspected proceeds and instrumentalities of crime, pending a final determination in respect of those proceeds by a court of the Requesting State.
3. The Requested State shall, to the extent permitted by its law, give effect to or permit enforcement of a final order forfeiting or confiscating the proceeds and instrumentalities of crime made by a court of the Requesting State and take other appropriate action for restitution to the victims of crime and the collection of fine imposed by the court of Requesting State in criminal prosecution.
4. The Contracting States shall ensure that the rights of bona fide third parties are respected in the application of the present Article.
5. The Contracting States shall consult for the final disposal of the proceeds and instrumentalities of crime after deducting reasonable expenses incurred in realizing such proceeds.

## ARTICLE XVI

### Proceeds and Instruments of Crime

1. The Requested State shall, upon request, endeavour to ascertain whether any proceeds or instruments of crime are located within its jurisdiction and shall notify the Requesting State of the result of its inquiries.
2. A request may be made for assistance in securing the forfeiture or confiscation of proceeds or instruments of crime. Such assistance shall be given in accordance with the laws of the Requested State by whatever means are appropriate. This may include giving effect to an order made by a court or other competent authority in the Requesting State or submitting the request to a competent authority for the purpose of seeking a forfeiture or confiscation order in the Requested State.
3. A request may be made for assistance in the restraint of property for the purpose of ensuring that it is available to satisfy an order for the recovery of proceeds or instruments.
4. Proceeds or Instruments forfeited or confiscated pursuant to this Agreement shall accrue to the Requested State, unless otherwise agreed in a particular case.

## Article XVII

## Identification of Bank Information

1. Upon request of the Requesting State, the Requested State shall in accordance with the terms of this Article, promptly ascertain if the banks located in its territory possess information on whether an identified natural or legal person suspected of or charged with a criminal offence is the holder of a bank account or accounts and any other detail thereof. The Requested State shall promptly communicate such information to the Requesting State.
2. The actions described in Paragraph 1 of this Article are also applicable for the purpose of identifying:
    a) Information regarding natural or legal persons convicted of or otherwise involved in a criminal offence;
    b) Financial transactions unrelated to accounts.
3. The Contracting States shall respond to a request for production of the records concerning the accounts or transactions identified pursuant to this Article in accordance with the provisions of this Agreement.

## Article XVIII

## Joint Investigation

Contracting States, as per the mutually agreed terms and conditions, may undertake joint investigations on case-by-case basis in relation to the investigations, prosecution or proceedings. The Contracting States shall mutually agree upon the procedures under which the joint investigation team has to operate, such as its composition, duration, location, organization, functions, purpose and terms or participation of team members of one of the Contracting States in the investigative activities taking place in the territory of the other Contracting States.

## ARTICLE XIX

## Confidentiality and Limitation of Use

1. The Requested State may require, after consultation with the Requesting State, that information or evidence furnished or the source of such information or evidence be kept confidential or be disclosed or used only subject to such terms and conditions as it may specify.

2. The Requested State shall, to the extent requested, keep confidential a request, its contents supporting documents and any action taken pursuant to the request except to the extent necessary to execute it.
3. The Requesting State shall not disclose or use information or evidence furnished for purposes other than those stated in the request without the prior consent of the Requested State.

**ARTICLE XX**

**Language**

Requests and supporting documents shall be made available in English along with the authenticated copy of the original documents if not in English.

**ARTICLE XXI**

**Costs**

1. The Requested State shall meet the cost of executing the request for assistance, except that the Requesting State shall bear:
   a) Expenses associated with conveying any person to or from the territory of the Requested State at the request of the Requesting State, and any allowance or expenses payable to that person while in the Requesting State pursuant to a request under Article IX or X of this Agreement; and
   b) Expenses and fees of experts either in the Requested State or the Requesting State.
2. If it becomes apparent that the execution of the request requires expenses of an extraordinary nature, the Contracting States shall consult to determine the terms and conditions under which the requested assistance can be provided.

**ARTICLE XXII**

**Entry into Force**

1. Each Party shall inform the other by diplomatic note as to the completion of respective domestic procedure under its law for entry into force of this Agreement. This Agreement shall enter into force upon the thirtieth day after the date on which the latter diplomatic note is received.

2. This Agreement shall, subject to the laws of the respective Contracting States, apply to requests made after its entry into force, even if the offence in relation to which the request is made was committed prior to that date.

## ARTICLE XXIII

### Amendment

1. This Agreement may be amended by mutual consultation between the Contracting States.
2. The amendment to this Agreement shall come into force in the manner as prescribed in Article XXII.

## ARTICLE XXIV

### Termination

Either of the Contracting States may terminate this Agreement by giving six months notice thereof through diplomatic channels. Upon the expiry of such notice, the Agreement shall cease to have any force or effect.

IN WITNESS WHEREOF, the undersigned, being duly authorized thereto by their respective Governments, have signed this Agreement.

DONE at Kathmandu on this 17 February of 2026 (Two Thousand and Twenty Six) in two originals each, in Hindi, Nepali and English, all the texts being equally authentic. However, in case of difference, the English text shall prevail.

On behalf of the Government of Nepal

(Mr. Binod Kumar Bhattarai)
Joint Secretary
Ministry of Law, Justice and Parliamentary Affairs

On behalf of the Government of the Republic of India

(H.E. Mr. Naveen Srivastava)
Ambassador of India to Nepal

# नेपाल सरकार

# र

# गणतन्त्र भारत सरकारबीच

# फौजदारी विषयमा पारस्परिक कानूनी सहायता सम्बन्धी

# सम्झौता

नेपाल सरकार र गणतन्त्र भारत सरकार (यसपछि "संविदाकारी पक्षहरू" भनिएको);

दुई देशबीचको परम्परागत मैत्रीपूर्ण सम्बन्धबाट अभिप्रेरित हुँदै;

आपराधिक कार्यहरू विरुद्ध लड्न पूर्ण रूपमा सहयोग गर्ने इच्छाप्रति विश्वस्त हुँदै;

पारस्परिक कानूनी सहायताका व्यापक उपायहरू सहज बनाउन तथा अपराधको रोकथाम र नियन्त्रणका लागि दुवै देशमा अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीको प्रभावकारिता बढाउने चाहना राख्दै;

देहाय बमोजिम गर्न सहमत भएका छौं:

## धारा १

## प्रयोगको क्षेत्र

१. संविदाकारी पक्षहरूले यस सम्झौताका प्रावधान र आ—आफ्ना राष्ट्रिय कानूनको अधीनमा रही फौजदारी अनुसन्धान, अभियोजन र फौजदारी विषयका न्यायिक कारबाहीहरूमा सम्भव भएसम्म व्यापक पारस्परिक कानूनी सहायता उपलब्ध गराउनेछन्।

२. अनुच्छेद १ बमोजिमको सहायता अन्तर्गत देहायका विषयहरू समावेश हुनेछन्:

(क) कसूरजन्य सम्पत्ति र साधनहरू पत्ता लगाउने, रोक्का राख्ने, प्राप्त गर्ने वा जफत गर्ने उपायहरू अपनाउने;

(ख) प्रमाण सङ्कलन गर्ने र कसूरका पीडित लगायतका व्यक्तिहरूको बयान लिने;

(ग) फौजदारी र न्यायिक अभिलेख लगायतका सूचना, कागजात र अन्य रेकर्डहरू उपलब्ध गराउने;

(घ) अभियुक्त बनाइएका वा सजाय पाएका व्यक्तिको पहिचान सम्बन्धी जानकारी आदानप्रदान गर्ने;

(ङ) एक संविदाकारी पक्षको भूभागमा वारदात भएको वा वारदात गर्न योजना बनाइएको कुनै पनि आपराधिक कार्यको बारेमा अर्को संविदाकारी पक्षसँग उपलब्ध तथ्याङ्क आदानप्रदान गर्ने;

(च) व्यक्ति तथा वस्तुहरू रहेका स्थान पत्ता लगाउने, तिनको पहिचान र सनाखत गर्ने;

(छ) खानतलासी लिने र बरामद गर्ने;

(ज) दसी प्रमाणहरू दिनेलिने;

(झ) हिरासतमा रहेका वा अन्य व्यक्तिहरूलाई प्रमाण दिन, बकपत्र गर्न वा अनुसन्धानमा सहयोग गर्न उपलब्ध गराउने;

(ञ) समाह्वान वा पुर्जी लगायतका कागजातहरूको तामेली गर्ने; र

(ट) आ-आफ्नो राष्ट्रिय कानूनको अधीनमा रही यस सम्झौताका उद्देश्यहरूसँग तादात्म्यता राख्ने अन्य कुनै पनि सहायता आदानप्रदान गर्ने।

३. यस सम्झौताले अन्य द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा व्यवस्थाहरू अन्तर्गत संविदाकारी पक्षहरूको अधिकार र दायित्वलाई असर नपर्ने गरी यसको व्याख्या गरिनेछ र यसले संविदाकारी पक्षहरू वा तिनीहरूका कानून कार्यान्वयन गर्ने निकायहरूलाई अन्य सम्झौता वा व्यवस्थाहरू अन्तर्गत सहायता आदानप्रदान गर्न रोक लगाउने छैन।

४. यो सम्झौता देहायका विषयहरूमा लागू हुने छैन:

(क) सपुर्दगी गर्ने उद्देश्यले कुनै व्यक्तिलाई पक्राउ गर्ने वा थुनामा राख्ने;

(ख) अनुरोध गरिएको राज्यको कानूनले अनुमति दिएको हदसम्म बाहेक अनुरोध गर्ने राज्यबाट भएका फौजदारी फैसलाहरूको कार्यान्वयन गराउने;

(ग) सजाय पाएका व्यक्तिहरूको हस्तान्तरण गर्ने; र

(घ) फौजदारी कारबाहीको हस्तान्तरण गर्ने।

## धारा २

## तोकिएका केन्द्रीय अधिकारीहरू

१. यस सम्झौताको प्रयोजनका लागि, संविदाकारी पक्षहरूले तोकेका केन्द्रीय अधिकारीहरूले पारस्परिक अनुरोध र सहायता सम्बन्धी विषयमा प्रत्यक्ष रूपमा वा कूटनीतिक माध्यम मार्फत सञ्चार गर्नेछन्।

२. यस धाराको प्रकरण १ मा उल्लिखित केन्द्रीय अधिकारीको रूपमा भारत गणतन्त्रको हकमा गृह मन्त्रालय र नेपालको हकमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय रहनेछन्।

३. कुनै पक्षले आफ्नो केन्द्रीय अधिकारी परिवर्तन गरेमा कूटनीतिक माध्यम मार्फत अर्को पक्षलाई सोको जानकारी गराउनु पर्नेछ।

## धारा ३

## अनुरोधका विषयवस्तुहरू

१. यस सम्झौता अन्तर्गत सहायताका लागि गरिने अनुरोधहरू लिखित रूपमा हुनुपर्नेछ। कुनै विषयमा तुरुन्तै गर्नुपर्ने भनी अनुरोध गरिएकोमा अनुरोध गरिएको पक्षले अन्यथा सहमति दिएकोमा बाहेक केन्द्रीय अधिकारीले १० दिनभित्र त्यसको लिखित अनुरोध पेश गर्नुपर्नेछ।

२. सहायताको अनुरोध गर्दा देहायका विवरणहरू खुलाउनुपर्नेछ:

(क) अनुसन्धान वा कारबाही गरिरहेको विषयसँग सम्बन्धित अधिकारप्राप्त अधिकारीको नाम;

(ख) अनुसन्धान वा कारबाहीसँग सम्बन्धित तथ्य र कानून लगायतका विवरण;

(ग) अनुरोधको उद्देश्य र माग गरिएको सहायताको प्रकृति;

(घ) अनुरोध गर्ने राज्यले चाहेको पालना गरिनुपर्ने कुनै विशेष प्रक्रिया वा आवश्यकताको विवरण;

(ङ) सहायता प्राप्त गरिसक्नुपर्ने सम्बन्धमा कुनै अपेक्षित समय सीमा भएमा सो कुरा;

(च) अनुसन्धानसँग सम्बन्धित रहेको व्यक्तिको पहिचान, राष्ट्रियता र निज रहेको स्थान;

(छ) खानतलासी वा प्रमाण सङ्कलनको हकमा अनुरोध गरिएको राज्यको क्षेत्राधिकारभित्र त्यस्ता प्रमाण फेला पर्न सक्ने विश्वास गर्न सकिने आधार;

(ज) प्रमाणको रुपमा कुनै व्यक्तिको बयान लिनुपर्ने विषयको हकमा शपथ वा पुष्टि आवश्यक भए सो कुराको विवरण र अपेक्षित बयान वा प्रमाणको विषयवस्तु;

(झ) दसी प्रमाण उपलब्ध गराउने हकमा, सोको जिम्मा लिने व्यक्ति, स्थान, गरिने परीक्षण र फिर्ता गरिने मिति;

(ञ) हिरासतमा रहेका व्यक्ति उपलब्ध गराउने हकमा, हस्तान्तरण भई जिम्मा लिने व्यक्ति, हिरासतमा रहेको व्यक्ति हस्तान्तरण गरी लगिने स्थान र फिर्ता हुने सम्भावित मिति;

(ट) गोपनीयता आवश्यक भएकोमा सोको कारण; र

(ठ) कसूरजन्य सम्पत्ति रोक्का वा जफतको हकमा सम्भव भएसम्म:

(i) सम्पत्तिको विस्तृत विवरण र सम्पत्ति रहेको स्थान;

(ii) सो सम्पत्ति अपराधसँग सम्बन्धित रहेको विश्वास गर्नुपर्ने आधार; र

(iii) अनुरोध गरिएको राज्यमा हुने कारबाहीका लागि उपलब्ध हुन सक्ने प्रमाणको विवरण।

३. अनुरोध गरिएको राज्यको कानून बमोजिम अन्यथा कार्यान्वयन गर्न सकिने भएमा यस धारामा उल्लिखित सबै जानकारीहरू समावेश नभएको भन्ने आधारमा मात्र अनुरोध गरिएको राज्यले अनुरोध कार्यान्वयन गर्न अस्वीकार गर्ने छैन ।

४. यदि अनुरोध गरिएको राज्यले अनुरोधका सम्बन्धमा कार्य गर्नका लागि थप जानकारी आवश्यक पर्ने ठानेमा सो राज्यले त्यस्तो थप जानकारी माग गर्न सक्नेछ ।

## धारा ४

## अनुरोधको कार्यान्वयन

१. सहायताको अनुरोध कार्यान्वयन गर्दा अनुरोध गरिएको राज्यको कानून बमोजिम गरिनेछ र अनुरोध गरिएको राज्यको कानूनसँग नबाझिने अवस्थामा अनुरोध गर्ने राज्यले निर्दिष्ट गरेको प्रक्रिया अनुसार कार्यान्वयन गरिनेछ।

२. अनुरोध गरिएको राज्यले अनुरोध प्राप्त गरेपछि अनुरोध कार्यान्वयनमा उल्लेख्य ढिलाइ हुन सक्ने कुनै पनि परिस्थितिका बारेमा अनुरोध गर्ने राज्यलाई जानकारी गराउनेछ ।

३. अनुरोध गरिएको राज्यले सहायताको अनुरोधलाई पूर्ण वा आंशिक रूपमा पालना नगर्ने वा कार्यान्वयन स्थगित गर्ने आफ्नो निर्णयको बारेमा अनुरोध गर्ने राज्यलाई तत्काल जानकारी गराउनेछ र त्यस्तो निर्णयको कारण समेत दिनेछ।

## धारा ५

## सहायता अस्वीकार गर्न सकिने

१. देहायका अवस्थामा अनुरोध गरिएको राज्यले सहायता अस्वीकार गर्न सक्नेछ:

(क) अनुरोधको कार्यान्वयनले उक्त राज्यको सार्वभौमसत्ता, सुरक्षा, सार्वजनिक व्यवस्था वा राष्ट्रिय हितमा हानि पुऱ्याउने भएमा;

(ख) अनुरोधको विषय अनुरोध गरिएको राज्यमा पनि अनुसन्धान वा अभियोजन गरिनुपर्ने विषय रहेको कसूरसँग सम्बन्धित भएमा वा अनुरोध गर्ने राज्यमा गरिने त्यस्तो अभियोजन अनुरोध गरिएको राज्यको दोहोरो खतरा सम्बन्धी कानूनसँग अमिल्दो हुने भएमा;

(ग) अनुरोधको कार्यान्वयन गर्दा अनुरोध गरिएको राज्यको राष्ट्रिय कानून विपरित हुने वा अदालतको आदेश विपरीत हुन जाने भएमा;

(घ) आपराधिक क्रियाकलापबाट आर्जित लाभ वा अपराधको साधनलाई रोक्का वा जफत गर्ने माग गरिएकोमा यदि त्यस्तो कार्य अनुरोध गरिएको राज्यको क्षेत्राधिकारभित्र घटित भएको भए सो सम्बन्धमा प्राप्त वा जफत गर्ने आदेश जारी गर्न नसकिने अवस्था रहेकोमा;

(ङ) अनुरोध गरिएको कसूरका सम्बन्धमा अभियुक्तले पहिले नै अन्तिम सफाइ पाइसकेको वा माफी पाइसकेको भएमा;

(च) अनुरोध समान्य फौजदारी कानून अन्तर्गत कसूर नभइ सैनिक कानून अन्तर्गतको कसूर भएकोमा;

(छ) आ-आफ्नो राष्ट्रिय कानून वा दुवै राज्य पक्ष भएका कुनै अन्तर्राष्ट्रिय महासन्धि अन्तर्गत परिभाषित गरिएका कसूरहरूको हकमा बाहेक अनुरोध गरिएको पक्षले अनुरोध राजनीतिक कसूरसँग सम्बन्धित भएको मानेको अवस्थामा; र

(ज) कुनै व्यक्तिको जात, लिङ्ग, धर्म, राष्ट्रियता वा राजनीतिक विचारधाराका आधारमा निज विरुद्ध अनुसन्धान गर्ने, मुद्दा चलाउने, सजाय गर्ने वा अन्य कारबाही गर्ने उद्देश्यले अनुरोध गरिएको हो भन्ने विश्वास गर्ने पर्याप्त आधारहरू भएमा, वा उल्लेखित कुनै पनि कारणले गर्दा न्यायिक कारबाहीमा त्यस्तो व्यक्तिको स्थितिमा प्रतिकूल प्रभाव पर्न सक्ने देखिएमा।

२. सहायताको अनुरोध अस्वीकार गर्नु अघि अनुरोध गरिएको राज्यले आफूले आवश्यक ठानेका शर्तहरूको अधीनमा रही सहायता प्रदान गर्न सकिन्छ कि भनी विचार गर्नेछ। यदि अनुरोध गर्ने राज्यले त्यस्ता शर्तहरूको अधीनमा रही सहायता स्वीकार गरेमा अनुरोध गरिएको राज्यले सहायता प्रदान गर्नेछ।

**धारा ६**

**तथ्याङ्कको संरक्षण र संवर्द्धन**

१. यस सम्झौता अन्तर्गत डिजिटल वा व्यक्तिगत तथ्याङ्क उपलब्ध गराउने सम्बन्धी अनुरोधलाई अनुरोध गरिएको राज्यको राष्ट्रिय कानून बमोजिम कडाइका साथ कार्यान्वयन गरिनेछ। त्यस्ता तथ्याङ्क उल्लेख्य महत्वका कसूरहरूको रोकथाम, अभियोजन र सार्वजनिक सुरक्षामा पर्न सक्ने गम्भीर खतरा टार्नका लागि उपलब्ध गराउन सकिनेछ।

२. संविदाकारी पक्षहरूले अनुच्छेद १ अन्तर्गतको अनुरोध गर्दा वा उपलब्ध गराउँदा आफ्नो राष्ट्रिय कानूनको अधिनमा रही देहायका मनासिव सुरक्षणका उपयाहरू अपनाउनुपर्नेछ:

(क) तथ्याङ्क न्यायोचित र कानूनी रूपमा प्रशोधन गरिनुपर्नेछ र जुन उद्देश्यका लागि माग गरिएको हो, सोही प्रयोजनका लागि उपयुक्त, सान्दर्भिक र अधिक नभएको हुनुपर्नेछ।

(ख) अनुरोध गर्ने राज्यले तथ्याङ्क आवश्यक पर्ने समयावधि उल्लेख गर्नेछ र सो अवधि अनुरोध गरिएको राज्यको सहमतिमा तय हुनेछ। स्थानान्तरित तथ्याङ्क आवश्यक अवधिसम्म मात्र राखिनेछ र सो अवधि समाप्त भएपछि अनुरोध गरिएको राज्यलाई फिर्ता गरिने छ वा नष्ट गरिने छ। यदि तथ्याङ्क लामो समय राख्नुपर्ने भएमा अनुरोध गर्ने राज्यले अनुरोध गरिएको राज्यलाई अग्रिम जानकारी दिनुपर्नेछ।

(ग) संविदाकारी पक्षहरूका अधिकारप्राप्त निकायहरूले अशुद्ध, अपूर्ण वा म्याद गुज्रिएका तथ्याङ्कको हस्तान्तरण रोकन उपयुक्त उपायहरू अपनाउनुपर्नेछ। अशुद्ध वा हस्तारण गर्न नसकिने तथ्याङ्क हस्तान्तरण भएको पाइएमा अनुरोध गर्ने राज्यले अनुरोध

गरिएको राज्यलाई तुरुन्त जानकारी गराई सच्याइएको तथ्याङ्क उपलब्ध गराउनुपर्नेछ। अनुरोध गर्ने राज्यले प्राप्त भएको त्यस्तो अशुद्ध तथ्याङ्कलाई नष्ट वा फिर्ता गर्नुपर्नेछ ।

(घ) यस सम्झौता अन्तर्गत अनुरोध गर्ने राज्यलाई उपलब्ध गराइएका तथ्याङ्क अनुरोध गरिएको राज्यको पूर्व सहमति विना कुनै पनि तेस्रो देश, निजी व्यक्ति वा अन्तर्राष्ट्रिय निकायलाई हस्तान्तरण गर्न पाइने छैन।

(ङ) संविदाकारी पक्षहरूले हस्तान्तरण गरिएको तथ्याङ्क भवितव्ययजन्य वा अनाधिकृत विनाश, भवितव्यजन्य नोक्सानी, र अनाधिकृत पहुँच, परिमार्जन वा प्रसारबाट सुरक्षित छ भन्ने सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्नेछ।

(च) संविदाकारी पक्षहरूले हस्तान्तरण गरिएका तथ्याङ्क र सो नष्ट गरेको अभिलेख राख्नुपर्नेछ।

(छ) अनुरोध गरिएको खण्डमा अनुरोध गर्ने राज्यले अनुरोध गरिएको राज्यलाई हस्तान्तरण गरिएको तथ्याङ्क कसरी प्रयोग भइरहेको छ भन्ने बारे जानकारी दिनुपर्नेछ।

३. संविदाकारी पक्षले अनुरोध गरिएको तथ्याङ्कमा आपराधिक क्रियाकलापसँग सम्बन्धित जानकारी हुन सक्ने शंका गर्ने आधार देखेमा त्यस्तो तथ्याङ्क कब्जा वा नियन्त्रणमा राख्ने कुनै पनि व्यक्ति वा इन्टरनेट सेवा प्रदायक वा टेलिफोन सेवा प्रदायकलाई सो तथ्याङ्क सुरक्षित राख्नका लागि सूचना जारी गर्न अर्को राज्यलाई मौखिक रूपमा अनुरोध गर्न सक्नेछ । अनुरोध गरिएको राज्यले माग गरिएको सहायता बमोजिम तथ्याङ्क प्राप्त गरी हस्तान्तरण नगरेसम्म त्यस्तो डाटालाई सुरक्षित राख्ने व्यवस्था गर्नुपर्नेछ ।

४. व्यक्तिगत तथ्याङ्कको माग र आपूर्ति सूचना प्रविधि सम्बन्धी ऐन लगायतका अन्य व्यक्तिगत वा गैरव्यक्तिगत तथ्याङ्क संरक्षण सम्बन्धी राष्ट्रिय कानूनहरूको अधीनमा रही गरिनेछ।

## धारा ७

## कागजात उपलब्ध गराउने

१. अनुरोध गर्ने राज्यले अनुरोध गर्ने राज्यमा जवाफ फर्काउनुपर्ने वा हाजिर हुनुपर्ने विषयसँग सम्बन्धित कागजात तामेली गरिदिने विषयसँग सम्बन्धित अनुरोध निर्धारित जवाफ फिराइसक्नुपर्ने वा हाजिरीको लागि तोकिएको समयभन्दा यथोचित समय अगावै सम्प्रेषण गर्नुपर्नेछ ।

२. अनुरोध गरिएको राज्यले कागजात उपलब्ध गराइ पाउने उद्देश्यले आफूलाई सम्प्रेषण गरिएको कुनै पनि कागजात उपलब्ध गराइ दिन हरसम्भव प्रयास गर्नुपर्नेछ ।

३. अनुरोध गरिएको राज्यले कागजात उपलब्ध गराइ सकेपछि सोको निस्सा अनुरोध गर्ने राज्यले चाहेको ढाँचामा फिर्ता गर्नुपर्नेछ ।

४. कागजात उपलब्ध गराउन नसकेमा अनुरोध गरिने राज्यले अनुरोध गर्ने राज्यलाई यथाशिघ्र सोको जानकारी गराउनुपर्नेछ।

**धारा ८**

**कागजात र वस्तुहरूको हस्तान्तरण**

१. सहायताको अनुरोध अभिलेख र कागजातहरूको हस्तान्तरणसँग सम्बन्धित भएकोमा अनुरोध गर्ने राज्यले विशेष रूपमा सक्कल प्रति नै माग गरेकोमा बाहेक अनुरोध गरिएको राज्यले त्यसको प्रमाणित प्रतिलिपिहरू सम्प्रेषण गर्न सक्नेछ ।

२. अनुरोध गर्ने राज्यलाई हस्तान्तरण गरिएका सक्कल अभिलेख वा कागजात र वस्तुहरू अनुरोध गरिएको राज्यको अनुरोधमा यथाशीघ्र फिर्ता गर्नुपर्नेछ ।

३. अनुरोध गरिएको राज्यको कानूनले निषेध गरेको अवस्थामा बाहेक कागजात, वस्तु र अभिलेखहरू अनुरोध गर्ने राज्यको कानून बमोजिम प्रमाणका रूपमा लिन सकिने गरी त्यस्तो राज्यले अनुरोध गरे बमोजिमको ढाँचामा वा प्रमाणीकरण सहित सम्प्रेषण गरिनेछ ।

**धारा ९**

**व्यक्ति उपलब्ध गराउने**

१. अनुरोध गर्ने राज्यले कुनै व्यक्तिलाई बकपत्र गराउन वा अनुसन्धानमा सहयोग गर्न उपलब्ध गराइदिनका लागि अनुरोध गर्न सक्नेछ।

२. अनुरोध गरिएको राज्यले सो व्यक्तिलाई अनुसन्धानमा सहयोग गर्न वा सम्बन्धित कारबाहीमा साक्षीको रूपमा उपस्थित हुन झिकाउनुपर्नेछ र सोका लागि निज व्यक्तिको सहमति लिनुपर्नेछ । उक्त व्यक्तिलाई दिइने कुनै खर्च र भत्ताका बारेमा जानकारी दिनुपर्नेछ।

३. फौजदारी प्रकृतिको विषयमा सहयोग गर्न सक्ने व्यक्तिहरूको उपस्थितिमा सहजिकरणको लागि अनुरोध गरिएको राज्य र अनुरोध गर्ने राज्यबीच न्यायिक कारबाहीसँग सम्बन्धित विषयहरूमा पारस्परिक कानूनी सहायता प्रदान गर्न सकिनेछ।

**धारा १०**

**हिरासतमा रहेका व्यक्तिलाई प्रमाण पेस गर्न वा अनुसन्धानमा सहयोग गर्न उपलब्ध गराउने**

१. यस सम्झौता अन्तर्गत सहायताको प्रयोजनका लागि अनुरोध गरिएको राज्यको हिरासतमा रहेको कुनै व्यक्तिलाई अनुरोध गर्ने राज्यमा उपस्थित गराउनु पर्ने भएमा सो व्यक्तिले सहमति जनाएको अवस्थामा र दुवै राज्यका केन्द्रीय अधिकारीहरू सहमत भएमा निजलाई सो प्रयोजनका लागि अनुरोध गरिएको राज्यबाट अस्थायी रूपमा हस्तान्तरण गरिनेछ।

२. हस्तान्तरण गरिएको व्यक्तिलाई अनुरोध गरिएको राज्यको कानून बमोजिम हिरासतमा राखिरहनु पर्ने अवस्थामा अनुरोध गर्ने राज्यले सो व्यक्तिलाई हिरासतमा राख्नुपर्नेछ र अनुरोध कार्यान्वयनको समाप्ति पश्चात निजलाई हिरासतमा नै फिर्ता गर्नुपर्नेछ ।

३. अनुरोध गरिएको राज्यले हस्तान्तरण गरिएको व्यक्तिलाई हिरासतमा राखिरहनु नपर्ने भनी अनुरोध गर्ने राज्यलाई जानकारी दिएको अवस्थामा उक्त व्यक्तिलाई थुनामुक्त गर्नुपर्नेछ। हस्तान्तरण गरिएको प्रयोजन समाप्त भएपछि सो व्यक्ति अनुरोध गरिएको राज्यको नागरिक भएको अवस्थामा अनुरोध गर्ने राज्यको अधिकारीले आफ्नै खर्चमा त्यस्तो व्यक्तिलाई सुरक्षित रूपमा अनुरोध गरिएको राज्यमा फिर्ता पठाउने व्यवस्था गर्नुपर्नेछ।

## धारा ११

## सुरक्षित ब्यबहार

१. यस सम्झौता अन्तर्गत अनुरोध गर्ने राज्यमा उपस्थित कुनै पनि व्यक्तिलाई अनुरोध गरिएको राज्यबाट निजको प्रस्थान अगाडि गरेको कुनै कार्य वा अकर्मण्यताका लागि सो राज्यको भूभागमा अभियोजन गरिने, हिरासतमा राखिने वा व्यक्तिगत स्वतन्त्रतामा अन्य कुनै प्रतिबन्ध लगाइने छैन र निजलाई अनुरोधसँग सम्बन्धित विषयमा बाहेक अन्य कुनै कारबाहीमा प्रमाण दिन बाध्य पारिने छैन ।

२. यदि त्यस्ता व्यक्तिले प्रस्थान गर्न स्वतन्त्र भए तापनि निजको उपस्थिति अब आवश्यक छैन भनी औपचारिक रूपमा जानकारी वा सूचना दिइएपछि पनि लगातार ३० दिनको अवधिभित्र वा राज्यहरूबीच आपसी सहमति भएको अन्य कुनै बढी अवधिभित्र अनुरोध गर्ने राज्य नछोडेमा यस धाराको अनुच्छेद १ लागू हुनेछैन । यस्तो अवस्थामा सम्बन्धित व्यक्तिको रिहाइको मिति र फिर्ता हुने तरिका बारेमा अनुरोध गरिएको राज्यलाई औपचारिक रूपमा सूचित गरिनुपर्नेछ ।

३. अनुरोध गर्ने राज्यमा उपस्थित नहुने कुनै पनि व्यक्तिलाई अनुरोध गरिएको राज्यमा कुनै पनि सजाय वा जबर्जस्त कारवाही गरिने छैन ।

## धारा १२

## भिडियो कन्फरेन्सिङ

१. अनुरोध प्राप्त भएमा अनुरोध गरिएको राज्यले आफ्नो राष्ट्रिय कानून र कार्यविधिसँग अनुकुल हुने गरी भिडियो कन्फरेन्सिङ प्रविधिको माध्यमबाट आफ्नो न्यायिक निकाय वा अन्य अधिकारप्राप्त अधिकारी समक्ष साक्षी वा विज्ञको परीक्षणका लागि सहजीकरण गर्न सक्नेछ।

२. अनुरोध गरिएको राज्यले यस धाराको अनुच्छेद १ मा उल्लेख गरिएका बाहेक अन्य प्रयोजनका लागि समेत भिडियो कन्फरेन्सिङ प्रविधिको प्रयोगको अनुमति दिन सक्नेछ,

जसमा व्यक्ति वा वस्तुहरूको पहिचान गर्ने वा अनुसन्धानात्मक बयान लिने कार्य समेत समावेश हुनेछन्।

## धारा १३

## खानतलासी र बरामदी

१. अनुरोध गरिएको राज्यले प्रमाणको प्रयोजनका लागि कुनै पनि सामग्री अनुरोध गर्ने राज्यलाई बुझाउन र खानतलासी तथा बरामदी सम्बन्धी अनुरोध कार्यान्वयन गर्नेछ । तर यसो गर्दा निर्दोष तेस्रो पक्षहरूको हक अधिकार सुरक्षित गरिनुपर्नेछ ।

२. अनुरोध गरिएको राज्यले खानतलासी र बरामदी गर्दा त्यस्तो राज्यले आफ्नो कानून बमोजिम आफ्ना सुरक्षा निकाय र न्यायिक निकायहरूका लागि तोके सरहकै सीमा र सोही सर्तहरूको अधिनमा रही कार्यान्वयन गर्नुपर्नेछ ।

३. खानतलासी र बरामदीको अनुरोध कार्यान्वयन गरिसकेपछि अनुरोध गरिएको राज्यले बरामद गरिएका कागजात, अभिलेख वा वस्तुहरूको पहिचान, अवस्था, अखण्डता र कब्जाको निरन्तरता तथा बरामदीको परिस्थिति लगायतका कुराहरूका बारेमा अनुरोध गर्ने राज्यलाई उक्त राज्यले माग गरे बमोजिम जानकारी उपलब्ध गराउनुपर्नेछ ।

## धारा १४

## आतङ्ककारी कार्यहरूमा वित्तीय लगानीका लागि लक्षित कोष

कुनै एक संविदाकारी पक्षलाई आफ्नो क्षेत्राधिकारभित्र रहेको कुनै व्यक्ति वा व्यक्तिहरूको समूहले अर्को राज्यको भूभागमा आतङ्ककारी कार्यहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वित्तीय लगानी गर्न वा त्यस्ता कार्यलाई प्रवर्द्धन गर्नका लागि कुनै कोष सङ्कलन गरेको, सङ्कलन गरिरहेको वा योगदान गरेको वा योगदान गरिरहेको छ भन्ने विश्वास गर्नु पर्ने मनासिब आधार भएमा उक्त राज्यले ती तथ्यहरूको बारेमा अर्को संविदाकारी पक्षलाई जानकारी गराउनुपर्नेछ र त्यस्ता कोषको खानतलासी, बरामद र जफत गर्न तथा सम्बन्धित व्यक्तिको अभियोजनका लागि आफ्नो कानूनले व्यवस्था गरे बमोजिमका कदमहरू चाल्नुपर्नेछ।

## धारा १५

## कसूरजन्य सम्पत्ति तथा अपराधका साधनको रोक्का र जफत

१. अनुरोध गरिएको राज्यले अनुरोध प्राप्त भएपछि, शंकित अपराधबाट आर्जित कुनै लाभ वा कसूरजन्य साधनहरू आफ्नो क्षेत्राधिकारभित्र रहे-नरहेको यकिन गर्न प्रयास गर्न तथा वित्तीय कारोबारहरूको अनुसन्धान गर्नुपर्नेछ र कसूरजन्य सम्पत्ति तथा साधनहरूको प्राप्ति सुनिश्चित गर्न सहयोग पुग्ने अन्य जानकारी वा प्रमाण प्राप्त गर्नुपर्नेछ। अनुरोध गरिएको राज्यले आफ्नो अनुसन्धानको नतिजाका बारेमा अनुरोध गर्ने राज्यलाई जानकारी गराउनुपर्नेछ।

२. यस धाराको अनुच्छेद १ बमोजिम शंकास्पद कसूरजन्य सम्पत्ति र साधनहरू फेला परेको अवस्थामा अनुरोध गरिएको राज्यले अनुरोध गर्ने राज्यको अदालतबाट ती सम्पत्तिका सम्बन्धमा अन्तिम निर्णय नभएसम्म त्यस्ता शंकास्पद कसूरजन्य सम्पत्ति र साधनहरूको कुनै पनि लेनदेन, हस्तान्तरण वा व्यवस्थापन रोक्न आफ्नो कानूनले व्यवस्था गरे बमोजिमका उपायहरू अवलम्बन गर्नुपर्नेछ।

३. अनुरोध गरिएको राज्यले आफ्नो कानूनले व्यवस्था गरेको हदसम्म अनुरोध गर्ने राज्यको अदालतबाट भएको कसूरजन्य सम्पत्ति र साधनहरू जफत गर्ने अन्तिम आदेशलाई कार्यान्वयन गर्नुपर्नेछ वा कार्यान्वयनको अनुमति दिनुपर्नेछ र अपराधका पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन तथा अनुरोध गर्ने राज्यको अदालतले फौजदारी अभियोजनको सन्दर्भमा लगाएको जरिवाना असुल गर्न अन्य उपयुक्त कारबाही गर्नुपर्नेछ ।

४. संविदाकारी पक्षहरूले यस धाराको कार्यान्वयन गर्दा निर्दोष तेस्रो पक्षहरूको हक अधिकारको सम्मान गरिएको सुनिश्चित गर्नुपर्नेछ।

५. संविदाकारी पक्षहरूले त्यस्तो सम्पत्ति प्राप्त गर्दा लागेको मनासिव खर्च कट्टा गरी बाँकी रहेको कसूरजन्य सम्पत्ति र साधनहरूको अन्तिम व्यवस्थापनका लागि आपसमा परामर्श गर्नुपर्नेछ।

## धारा १६
## कसूरजन्य सम्पत्ति र साधन

१. अनुरोध गरिएको राज्यले अनुरोध प्राप्त गरेपछि आफ्नो क्षेत्राधिकारभित्र कुनै कसूरजन्य सम्पत्ति वा साधनहरू रहे-नरहेको यकिन गर्न प्रयास गर्नुपर्नेछ र आफ्नो अनुसन्धानको नतिजाका बारेमा अनुरोध गर्ने राज्यलाई सूचित गर्नुपर्नेछ ।

२. कसूरजन्य सम्पत्ति वा साधनहरू नियन्त्रण वा जफत गर्न सहयोगका लागि अनुरोध गर्न सकिनेछ । त्यस्तो सहायता अनुरोध गरिएको राज्यको कानून बमोजिम उपयुक्त हुने जुनसुकै माध्यमबाट उपलब्ध गरउनुपर्नेछ । यसमा अनुरोध गर्ने राज्यको अदालत वा अन्य अधिकारप्राप्त अधिकारीले जारी गरेको आदेश कार्यान्वयन गर्ने वा अनुरोध गरिएको राज्यमा जफत वा नियन्त्रणको आदेश प्राप्त गर्ने प्रयोजनका लागि अधिकारप्राप्त अधिकारी समक्ष अनुरोध पेश गर्ने कार्य समेत समावेश हुन सक्नेछ ।

३. कसूरजन्य सम्पत्ति वा साधनहरू असुल उपर गर्ने आदेशको पालनाका लागि सम्पत्ति उपलब्ध हुने सुनिश्चित गर्ने उद्देश्यले सम्पत्ति यथास्थितिमा राख्न सहयोगका लागि अनुरोध गर्न सकिनेछ ।

४. यस सम्झौता बमोजिम जफत गरिएका वा नियन्त्रणमा लिइएका कसूरजन्य सम्पत्ति वा साधनहरू कुनै विशेष अवस्थामा अन्यथा सहमति भएकोमा बाहेक अनुरोध गरिएको राज्यको हुनेछ ।

## धारा १७

## बैंक सम्बन्धी जानकारीको सनाखत

१. अनुरोध गर्ने राज्यको अनुरोधमा अनुरोध गरिएको राज्यले यस धाराको शर्तहरू बमोजिम आफ्नो क्षेत्रभित्र रहेका बैंकहरूसँग कुनै पहिचान गरिएको प्राकृतिक वा कानूनी व्यक्ति, जो फौजदारी कसूरको शंकित वा अभियुक्त हो, निज बैंक खाता वा खाताहरूको धनी हो वा होइन भन्ने कुराको जानकारी र सोको अन्य कुनै विवरण भए सो समेतको जानकारी भए नभएको तुरुन्त यकिन गर्नुपर्नेछ । अनुरोध गरिएको राज्यले त्यस्तो जानकारी तुरुन्त अनुरोध गर्ने राज्यलाई सम्प्रेषण गर्नुपर्नेछ।

२. यस धाराको अनुच्छेद १ मा वर्णित कार्यहरू देहायको पहिचान गर्ने प्रयोजनका लागि समेत लागू हुनेछन्:

(क) फौजदारी कसूरमा सजाय पाएका वा अन्य तवरले संलग्न रहेका प्राकृतिक वा कानूनी व्यक्ति सम्बन्धी जानकारी;

(ख) खातासँग सम्बन्धित नभएका वित्तीय कारोबारहरू।

३. संविदाकारी पक्षहरूले यस धारा बमोजिम पहिचान गरिएका खाता वा कारोबारहरूसँग सम्बन्धित अभिलेखहरू उपलब्ध गराउनका लागि गरिएको अनुरोधको जवाफ यस सम्झौताका प्रावधानहरू बमोजिम दिनुपर्नेछ।

## धारा १८

## संयुक्त अनुसन्धान

संविदाकारी पक्षहरूले, आपसी सहमति भएका सर्त र अवस्थाहरू बमोजिम, अनुसन्धान, अभियोजन वा कारबाहीको सम्बन्धमा मुद्दागत आधारमा संयुक्त अनुसन्धान गर्न सक्नेछन् । संयुक्त अनुसन्धान टोलीले कार्य गर्ने कार्यविधिहरू, जस्तै सोको गठन, समयावधि, स्थान, संगठन, कार्यहरू, उद्देश्य र सर्तहरू वा एक संविदाकारी पक्षको टोली सदस्यहरू अर्को संविदाकारी पक्षको भूभागमा हुने अनुसन्धानमूलक क्रियाकलापहरूमा सहभागी हुने विषयमा संविदाकारी पक्षहरूले आपसमा सहमति गर्नेछन् ।

## धारा १९

## गोपनीयता र प्रयोगको सीमा

१. अनुरोध गर्ने राज्यले अनुरोध गरिएको राज्यसँगको परामर्श पछि, आफूले उपलब्ध गराएको जानकारी वा प्रमाण वा त्यस्तो जानकारी वा प्रमाणको स्रोत गोप्य राख्न वा आफूले निर्दिष्ट गरेका सर्त र अवस्थाहरूको अधीनमा रही मात्र त्यस्तो जानकारी र प्रमाण सार्वजनिक गर्न वा प्रयोग गर्न माग गर्न सक्नेछ ।

२. अनुरोध गरिएको राज्यले माग गरिएको हदसम्म अनुरोध र यसका विषयवस्तुहरू सम्बद्ध कागजातहरू र अनुरोध बमोजिम गरिएको कुनै पनि कारबाहीलाई सो कार्यान्वयन गर्न आवश्यक पर्ने हदसम्म बाहेक गोप्य राख्नुपर्नेछ ।

३. अनुरोध गर्ने राज्यले अनुरोध गरिएको राज्यको पूर्व सहमति बिना अनुरोधमा उल्लेख गरिएका बाहेक अन्य उद्देश्यका लागि उपलब्ध गराइएको जानकारी वा प्रमाणहरू सार्वजनिक वा प्रयोग गर्न सक्नेछैन ।

## धारा २०

## भाषा

अनुरोध र सोलाई समर्थन गर्ने कागजातहरू, यदि अङ्ग्रेजीमा छैनन् भने, सक्कल कागजातको प्रमाणित प्रतिलिपि सहित अङ्ग्रेजी भाषामा उपलब्ध गराइनेछ ।

## धारा २१

## खर्च

१. अनुरोध गरिएको राज्यले सहायताको अनुरोध कार्यान्वयनको खर्च व्यहोर्नेछ तर देहाय बमोजिमका खर्चहरू भने अनुरोध गर्ने राज्यले व्यहोर्नुपर्नेछः

(क) अनुरोध गर्ने राज्यको अनुरोधमा कुनै व्यक्तिलाई अनुरोध गरिएको राज्यको भूभागमा लैजाँदा वा सो भूभागबाट ल्याउँदा लाग्ने खर्चहरू र यस सम्झौताको धारा ९ वा १० अन्तर्गतको अनुरोध बमोजिम सो व्यक्ति अनुरोध गर्ने राज्यमा रहँदा निजलाई भुक्तानी गरिने कुनै पनि भत्ता वा खर्च; र

(ख) अनुरोध गरिएको राज्य वा अनुरोध गर्ने राज्यमा रहेका विज्ञहरूको खर्च र शुल्क ।

२. यदि अनुरोध कार्यान्वयन गर्नका लागि असाधारण प्रकृतिको खर्च आवश्यक पर्ने देखिएमा संविदाकारी पक्षहरूले आपसमा परामर्श गरी के-कस्ता सर्त र अवस्थाहरूमा अनुरोध गरिएको सहायता प्रदान गर्न सकिन्छ भन्ने कुरा निर्धारण गर्नुपर्नेछ

## धारा २२

## लागू हुने

१. प्रत्येक पक्षले यस सम्झौतालाई लागू गर्नका लागि आफ्नो कानून बमोजिमका सम्बन्धित आन्तरिक प्रक्रियाहरू पूरा भएको जानकारी अर्को पक्षलाई कूटनीतिक पत्राचार मार्फत दिनुपर्नेछ । यो सम्झौता पछिल्लो कूटनीतिक पत्र प्राप्त भएको मितिले तीसौं दिनदेखि लागू हुनेछ ।

२. यो सम्झौता प्रारम्भ भएपछि गरिएका अनुरोधहरूमा यो सम्झौता लागू हुनेछ । सम्बन्धित संविदाकारी पक्षहरूको प्रचलित कानूनको अधीनमा रही, त्यस्तो कसूर यो सम्झौता लागू हुनुभन्दा अगावै घटेको भए तापनि यस सम्झौता अन्तर्गतको कारबाहीमा वाधा पर्ने छैन ।

## धारा २३

## संशोधन

१. पक्षहरूबीचको आपसी परामर्शबाट यस सम्झौतामा संशोधन गर्न सकिनेछ।

२. सम्झौतामा गरिएको यस्तो संशोधन धारा २२ मा उल्लेखित प्रक्रिया बमोजिम नै लागू हुनेछ।

## धारा २४

## खारेजी

कुनै पनि संविदाकारी पक्षले कूटनीतिक माध्यमबाट ६ महिनाको अग्रिम लिखित सूचना दिई यो सम्झौता खारेज गर्न सक्नेछ। त्यस्तो सूचनाको अवधि समाप्त भएपछि यो सम्झौताको कुनै कार्यान्वयनयोग्यता वा प्रभाव रहने छैन।

साक्षीहरूको उपस्थितिमा, आ-आफ्नो सरकारबाट विधिवत् अख्तियारी प्राप्त देहायका हस्ताक्षरकर्ताहरूले यस सम्झौतामा हस्ताक्षर गरेका छन्।

२०८२ साल फाल्गुन महिना ५ गतेका दिन काठमाडौंमा नेपाली, हिन्दी र अङ्ग्रेजी भाषाका दुई-दुई सक्कल प्रतिमा हस्ताक्षर गरियो, जसमा सबै प्रतिहरू समान रूपमा प्रामाणिक छन्। व्याख्यामा द्विविधा उत्पन्न भएमा अंग्रेजी प्रति मान्य हुनेछ।

| नेपाल सरकारको तर्फबाट | गणतन्त्र भारत सरकारको तर्फबाट |
|---|---|
| (विनोद कुमार भट्टराई) | (महामहिम श्री नवीन श्रीवास्तव) |
| सहसचिव | भारतीय राजदूत |
| कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | |